प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
प्रदेश नं. १ धनकुटा
योजना तथा कार्यक्रम शाखा

पत्र संख्याः
चलानी नं.

धनकुटा, नेपाल

## विद्यालयमा इ - शिक्षा तथा स्मार्ट कक्षा व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि गरिएको

## सम्झौता-पत्र

प्रदेश सरकार, शिक्षा विकास निर्देशनालय, प्रदेश नं. १, धनकुटा (जसलाई यस सम्झौतामा यसपछि पहिलो पक्ष भनिनेछ) र …….. ….. .. ….. ….. जिल्ला …… ….. .. .. ….. ….. ….. गाउँ/नगरपालिका ….. ……. मा सञ्चालित श्री …… .. .. ….. …. …. …… …..… …. .. विद्यालय … …….. …….. . (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) बीच विद्यालयमा इ - शिक्षा तथा स्मार्ट कक्षा व्यवस्थापन कार्यक्रम आर्थिक बर्ष २०७८/०७९ भित्र निम्नानुसारका शर्तका अधिनमा रही सम्पन्न गर्न मिति २०७८/०८/   गते यो सम्झौता सम्पन्न भयो ।

### पहिलो पक्षले पालना गर्नु पर्ने शर्तहरु:

1. विद्यालयमा इ - शिक्षा तथा स्मार्ट कक्षा व्यवस्थापन कार्यक्रमका लागि दोस्रो पक्षले पेश गरेको प्रस्ताव पत्र सहितका कागजात अध्ययन गरी औचित्यताका आधारमा कार्यक्रम स्वीकृत गर्ने ।
2. विद्यालयमा इ - शिक्षा तथा स्मार्ट कक्षा व्यवस्थापन कार्यक्रमको कूल रकम रु. ५,००,०००।- (अक्षेरेपि पाँच लाख) को ८० प्रतिशतले हुने रकम सम्झौता पश्चात दोस्रो पक्षको बैंक खातामा निकासा दिने ।
3. कार्यक्रम सञ्चालनका क्रममा सामाजिक विकास मन्त्रालय र निर्देशनालयबाट अनुगमन गर्ने ।
4. दोस्रो पक्षले कार्यक्रम सम्पन्न गरी विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय सहित कार्य सम्पन्नताको प्रतिवेदन र आवश्यक बिल भर्पाईहरु, कर दाखिला भौचर पहिलो पक्षलाई पेश गरेपछि बाँकी २० प्रतिशत रकम दोस्रो पक्षको बैंक खातामा निकासा दिने ।
5. दोस्रो पक्षले शर्तका अधिनमा रही तोकिएको समयमा कार्य नगरेमा निकासा भएको रकम रोक्का राख्ने तथा कार्य सम्पन्न नगरी हिनामिना गरेमा प्रचलित कानून बमोजिम असुल उपर गर्ने ।
6. …. …  ….. ……   ….. …. … बैंक ….. …… …… … शाखामा विद्यालयको नाममा रहेको चल्ती हिसाव नं …….. …… ……. ……. …….  …… ……. मा रकम निकासा गरिनेछ ।

### दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु:

1. विद्यालयमा इ - शिक्षा तथा स्मार्ट कक्षा व्यवस्थापन अनुदान कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हुनेछ ।
2. पहिलो पक्षवाट प्राप्त हुने कुल रकमको १० प्रतिशतले हुन आउने रकम अर्थात रु५०,०००।– (अक्षेरुपी पचास हजार) विद्यालयले थप गरी कुल रु५,५०,०००।– बराबरको सामग्री खरिद गरेको हुनुपर्नेछ ।
3. विद्यालय व्यवस्थापन समितिले कार्य शुरुआत गर्दा, बीचमा र अन्त्यमा कार्य सम्पन्न पश्चात समेत कार्य प्रगतिको मूल्याङ्कन गरी बैठक बसी प्रस्ताव गरिए अनुसार कार्य भएको सुनिश्चित गर्नु पर्नेछ ।
4. विद्यालयमा इ - शिक्षा तथा स्मार्ट कक्षा व्यवस्थापनका लागि प्रस्तावमा आधारित अनुदान कार्यमा मितब्ययिता, पारदर्शिता तथा जवाफदेहिता बहन गर्दै जिम्मेवारीका साथ प्रचलित कानून अनुसार सेवा तथा सामग्री खरिद तथा ब्यवस्थापन गर्नु पर्नेछ ।
5. सामान खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा सामाजिक विकास मन्त्रालयबाट प्राप्त Specification अनुसार गर्नुपर्नेछ ।
6. खरीद गरिएका सामग्री तथा उपकरणहरुलाई जिन्सी खातामा आम्दानी बाँधी सोको प्रमाणित प्रतिलिपि तथा दाखिला प्रतिवेदन पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।
7. प्रस्तावपत्रमा तोकिए बमोजिमको सम्पूर्ण कार्य दोस्रो पक्षले ढिलोमा यसै आर्थिक बर्षको बैशाख मसान्तभित्र सम्पन्न गर्नुपर्नेछ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. १ धनकुटा
योजना तथा कार्यक्रम शाखा

पत्र संख्याः
चलानी नं.

धनकुटा, नेपाल

४. कार्य सम्पन्न गरेपछि व्यवस्थापन समितिको निर्णय र कार्य सम्पन्न प्रतिवेदन सम्पूर्ण विल भर्पाइ, नियमानुसार कर दाखिला गरेको बैंक भौचर तथा अन्य सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपी पहिलो पक्षलाई बुझाइ वाँकी रकम माग गर्नु पर्नेछ ।

## सम्झौता गर्ने व्यक्तिहरु

| पहिलो पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| निर्देशकको हस्ताक्षर : | उप सचिव/शा.अ.को हस्ताक्षर : | प्रअको हस्ताक्षर : |
| नाम थर :- | नाम थर :- | नामथर :- |
| कार्यालय : शिक्षा विकास निर्देशनालय | कार्यालय : शिक्षा विकास निर्देशनालय | बिब्यस अध्यक्षको हस्ताक्षरः- |
| प्रदेश नं १ धनकुटा | प्रदेश नं १ धनकुटा | नाम थरः- |

मिति : २०७८।   ।

कार्यालयको छापः

विद्यालयको छापः

☎ ०२६५२२२२० e-mail: reddkt@gmail.com web:www.ered.gov.np